म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १३३ २०८० चैत २१ गते बुधबार 3 April 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढैंलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

### बागमतीमा मन्त्रालय १२, मन्त्री १३

# एकै दिन दुई चरणमा ५ मन्त्री थपिए



*शपथग्रहण गर्नुहुँदै नवनियुक्त मन्त्रीहरु ।*

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकारमा १२ मन्त्रालय भए पनि मन्त्रीको संख्या भने १३ पुगेको छ । प्रदेश प्रमुख यादव चन्द्र शर्माले मंगलबार बिहान १ र साँझ ४ गरी कुल ५ जना मन्त्रीलाई सपथ गराउनुभयो । मंगलबार बिहान नेकपा (एकीकृत समाजवादी) बाट रमा आले मगरलाई बिना विभागीय मन्त्रीको रुपमा पद तथा गोपनीयताको शपथ गराउनुभएका प्रदेश प्रमुख शर्माले साँझ नेकपा एमालेबाट ४ जना मन्त्रीलाई शपथ गराउनुभएको छ ।

मुख्यमन्त्री जम्कट्टेलले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयमा प्रकाश श्रेष्ठ, वन तथा वातावरण मन्त्रालयमा केशव पोखेल, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयमा एका लाल श्रेष्ठ र स्वास्थ्य मन्त्रालयमा रामेश्वर श्रेष्ठलाई मन्त्री नियुक्त गर्नुभएको हो । यसअघि हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्यले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाइसक्नुभएको छ। चैत १७ मा एमालेका जगन्नाथ थपलिया आर्थिक मामिला तथा योजनामन्त्री बन्नुभएको थियो ।

नवनियुक्त खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री एका लाल श्रेष्ठ मकवानपुर १ (२) बाट निर्वाचित प्रदेश सभा सदस्य हुनुहुन्छ । श्रेष्ठले १४ हजार २२५ मत प्राप्त गरी विजयी हुनुभएको थियो । श्रेष्ठ यसअघि पनि शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा श्रम, रोजगार तथा यातायात मन्त्री बन्नुभएको थियो । नेकपा एमाले मकवानपुरका अध्यक्ष समेत रहनुभएका श्रेष्ठले मंगलबार साँझै पदभार ग्रहण गरिसक्नुभएको छ ।

स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठ ललितपुर-२ (१) बाट विजयी हुनुभएको हो । श्रेष्ठले ८ हजार २ सय ९८ मत प्राप्त गरी विजयी हुनुभएको थियो । रामेश्वर यसअघि पनि स्वास्थ्य मन्त्री नै रहनुभएको थियो । यस्तै, वन तथा वातावरण मन्त्री केशव पोखेल काठमाडौं निर्वाचन क्षेत्र नम्बर-९ (२) बाट निर्वाचित प्रदेश सभा सदस्य हुनुहुन्छ । पोखरेल ८ हजार ४ सय ५९ मत ल्याएर प्रदेश सभा सदस्यमा निर्वाचित हुनुभएको थियो । पोखरेल यसअघि कृषि तथा पशुपन्छी विकास मन्त्री हुनुहुन्थ्यो ।

यस्तै, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठ काठमाडौं क्षेत्र नं. ७ प्रदेशसभा (२) बाट निर्वाचित प्रदेश सभा सदस्य हुनुहुन्छ । श्रेष्ठले पाँच हजार २१८ मत प्राप्त गरी प्रदेश सभा सदस्य निर्वाचित हुनुभएको थियो । श्रेष्ठ पहिलो पटक मन्त्री नियुक्त हुनुभएको हो ।

# सहकारी दिवसमा प्रभातफेरी र प्रवचन




समाज संवाददाता

हेटौँडाः "सहकारीमा सुशासनः प्रविधि र एकीकरण" भन्ने नाराका साथ ६७ औं राष्ट्रिय सहकारी दिवस हेटौँडामा विविध कार्यक्रमसहित मनाइएको छ । सहकारी दिवसको अवसरमा मंगलबार हेटौँडामा प्रभातफेरी र प्रवचन कार्यक्रम भएको छ । सहकारी दिवस मूल समारोह समितिका संयोजक नारायणप्रसाद देवकोटाको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यको प्रमुख आतिथ्यमा मंगलबार हेटौँडामा सहकारी दिवस मनाइएको हो ।

कार्यक्रममा बोल्नुहुँदै मन्त्री बज्राचार्यले सहकारीप्रतिको विश्वासलाई कायम राख्नुपर्ने बताउनुभयो । उहाँले सहकारीको समस्या समाधान गर्नका लागि सहकारी अभियान एकजुट हुनुपर्ने बताउनुभयो । यस्तै कार्यक्रममा बोल्नुहुँदै मन्त्रालयका सचिव हरिशरण पुडासैनीले सहकारीमा आएका विभिन्न चुनौतीहरुलाई समाधान गर्दै थप व्यवस्थित र प्रभावकारी बनाएर अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले सहकारी दिवसले सहकारीमा भएका समस्या, चुनौतीहरुलाई समाधान गर्ने प्रेरणा प्राप्त गर्नका लागि अभिप्रेरित गरोस् भनी सहकारी दिवस मनाइएको बताउनुभयो । यस्तै राष्ट्रिय सहकारी महासंघका सञ्चालक बद्रीप्रसाद लम्सालले सहकारीको नारा अनुरुप सहकारीहरु प्रविधिमा केन्द्रीत भई सहकारीमा सुशासन ल्याउनुपर्ने बताउनुभयो ।

प्रदेशस्तरीय सहकारी दिवस मूल समारोह समितिका संयोजक एवम् बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्षसमेत रहनुभएका नारायणप्रसाद देवकोटाले सहकारीले समुदायमा आर्थिक, उत्पादनशील व्यवसाय र रोजगारीका क्षेत्रमा कार्य गरेको बताउनुभयो । उहाँले गुणस्तरीय सहकारी संस्थाको निर्माणका लागि सहकारीहरुको एकीकरण गर्नु आवश्यक रहेको बताउनुभयो। देवकोटाले राज्यको तीन खम्बे अर्थनीति अन्तर्गत सहकारीलाई एक खम्बाको रुपमा लिएको अवस्थामा अहिले सहकारी अभियानमा केही समस्या भए तापनि ती समस्यालाई एकजुट भई समाधान गर्न अगाडि बढ्नुपर्ने बताउनुभयो ।

प्रभातफेरीमा सहभागी प्रारम्भिक सहकारी संस्थाहरुलाई विभिन्न सूचकहरुमा उत्कृष्ट अंक ल्याएका पाँचवटा सहकारी संस्थालाई पुरस्कृत समेत गरिएको थियो। प्रथम भएर पुरस्कृत हुनेमा हेटौँडा-११ स्थित, बागेश्वरी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, द्वितीय हुनेमा हेटौँडा-१३ स्थित महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, तृतीय हुनेमा हेटौँडा-१२ स्थित महिला सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सान्त्वना हुनेमा साना किसान कृषि सहकारी संस्था मनहरी-८ र साना किसान कृषि सहकारी संस्था हर्नामाडी हेटौँडा-१८ रहेको छ । सबैलाई क्रमशः १० हजार, ७ हजार, ५ हजार र ३/३ हजार नगदसहित पुरस्कृत गरिएको छ। प्रभातफेरीमा पञ्चेबाजासहित सहकारी अभियन्ता, सहकारीकर्मी नाच्दै रमाएका थिए ।

जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठले सञ्चालन गर्नुभएको कार्यक्रममा केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका सञ्चालक विदुर हुमागाई, मनहरी गाउँपालिकाकी उपाध्यक्ष सीता पुलामी, बागमती प्रदेश सहकारी संघका सञ्चालक मेनुका दाहाल, प्रदेश कृषि सहकारी संघका उपाध्यक्ष विमला कार्की, हेटौँडा उपमहानगरपालिकाको सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेल, प्रदेश सहकारी विकास बोर्डकी प्रमुख प्रतिमा सापकोटा, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरि प्रसाद कँडेल लगायतको आतिथ्य रहेको थियो । सहकारी दिवसको अवसरमा मंगलबार साँझ सहकारी संस्थाहरुमा दीप प्रज्वलन गरिएको थियो ।

# रोटरी क्लबद्वारा हेटौँडा अस्पताललाई इसिजी मेसिन हस्तान्तरण




*रोटरी क्लबका पदाधिकारीहरु हेटौँडा अस्पताललाई इसिजी मेसिन हस्तान्तरण गर्दै ।*

समाज संवाददाता

हेटौँडाः रोटरी क्लब अफ मकवानपुरले हेटौँडा अस्पताललाई इसिजी मेसिन हस्तान्तरण गरेको छ। मंगलबार एक समारोहबीच क्लबका अध्यक्ष अञ्जनी कुमार पराजुलीसहित क्लबका पदाधिकारीहरुले अस्पतालका निमित्त मेसु श्रीधर अर्याललाई ७ लाख रुपैयाँ बराबरको २ वटा इसिजी मेसिन हस्तान्तरण गरेको हो ।

हेटौँडाका जनतालाई उपचार गर्ने क्रममा केही सहयोग पुग्ने अपेक्षा गरेर ग्लोबल ग्रान्टको सहयोगमा मेसिन सहयोग गरिएको रोटरी क्लबका अध्यक्ष पराजुलीले जानकारी दिनुभएको छ । हृदयरोगको कारणले गर्दा मानिसहरुमा जटिल असर गर्ने भएकोले हृदयरोगको उपचारमा उपयोगी उपकरण सहयोग गरिएको उहाँले बताउनुभयो । क्लबले करिब ९ महिना अगाडि सुरु भएको ग्लोबल ग्रान्टको सहयोगमा क्लबका निवर्तमान अध्यक्षको कार्यकालको अन्तिम दिन ८८ लाख ६० हजार रुपैयाँ बराबरको इकोकार्डियो मेसिन सहयोग गरेपनि प्रयोगमा आउन सकेको छैन । हेटौँडा अस्पतालमा सबैजनासँग सहकार्य गरेर कार्डियोलोजिस्ट ल्याउने पहल गरेपनि सफल हुन नसकेको बताइएको छ।

अस्पतालका निमित्त मेसु अर्यालले इसिजी मेसिन सहयोग गरेकोमा क्लबलाई धन्यवाद व्यक्त गर्नुभयो। ९ महिना पहिले अस्पतालमा सामग्री प्राप्त भएपनि प्रयोगमा नआउनु दुखद् भएको उल्लेख गर्नुहुँदै आफूले अस्पतालमा काम गर्दासम्म अस्पतालमा सहयोग भएको सामानहरुलाई प्रयोगमा ल्याउने काममा जोड दिने उहाँको भनाई छ। कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापति र वरिष्ठ पत्रकार प्रताप विष्टको पनि उपस्थिति रहेको थियो।

# बसको ठक्करबाट वृद्धाको मृत्यु

समाज संवाददाता

हेटौँडाः दोलखा जिल्लाको बिगु गाउँपालिका-४, फिस्टेढुंगामा बसको ठक्करबाट एक जना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा बिगु गाउँपालिका-३ बस्ने ७४ वर्षीया नेतर्नी लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ ।

काठमाडौंबाट बुलुङतर्फ जाँदै गरेको बा ३ ख ६३७४ नम्बरको रोल्वालिङ यातायातको बसले सोमबार साँझ ५ बजेर ४५ मिनेटको समयमा ठक्कर दिँदा लामाको घटनास्थलममा नै मृत्यु भएको थियो । बस चालक दोलखा जिल्ला कालिन्चोक गाउँपालिका-४ बस्ने २६ वर्षीय नारायण बुढाथोकीलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।



# सम्पादकीय

## राजनीतिक अस्थिरता

मुलुकमा विद्यमान राजनीतिक अस्थिरता सबै समस्या जड बनिरहेको छ । राणा शासन अन्त्य भएर प्रजातन्त्र स्थापना भएको सात दशकभन्दा लामो समय राजनीतिक अस्थिरतामै बितिरहेको छ । यो सात दशकको अवधिमा नेपालमा करिब ६० वटा सरकार परिवर्तन भएको छ । यो अवधिमा मनोनित होस् वा जननिर्वाचित कुनै पनि सरकार पूरा अवधि टिकेको छैन । करिब ७० वर्षको अवधिमा ६० पटक सरकार परिवर्तन हुनुले राजनीतिक अस्थिरता कुन अवस्थामा छ भन्ने स्पष्ट हुन्छ । सरकारमात्र नभई मुलुकको शासन व्यवस्थासमेत स्थिर छैन । २००७ सालमा आएको प्रजातन्त्र २०१७ सालमा खोसियो । २०१७ सालमा सुरु भएको पञ्चायती शासन व्यवस्था २०४६ सालमा अन्त्य भएर पुन: बहुदलीय प्रजातन्त्र स्थापना भयो । २०६५ सालमा राजतन्त्र अन्त्य भएर गणतान्त्रिक शासन व्यवस्था सुरु भयो । यसबीचमा धेरै पटक राजाको प्रत्यक्ष शासनसमेत सञ्चालन भयो । २०७२ सालमा नयाँ संविधान बनेपछि अहिले संघीय गणतान्त्रिक शासन व्यवस्था चलिरहेको छ ।

एकात्मक शासन व्यवस्थाबाट मुलुकमा आर्थिक विकास समृद्धि प्राप्त नभएको भन्दै प्रादेशिक विभाजनसहितको संघीय शासन व्यवस्था लागू गरिएपछि राजनीतिक अस्थिरता प्रदेशसम्म फैलिएको छ । प्रदेश सरकार गठन भएको करिब ६ वर्षको अवधिमा देशका ७ वटै प्रदेशमा ४-५ जना मुख्यमन्त्री परिवर्तन भइसकेको छ । प्रदेशमा समेत राजनीतिक अस्थिरताले जरो गाड्न थालेपछि र प्रदेश सरकारले प्रभावकारी काम गर्न नसकेपछि यसको औचित्यमाथि नै प्रश्न उठाउन थालिएको छ । आम नागरिकलेमात्र नभई राजनीतिक नेतृत्वले समेत प्रदेशमा राजनीतिक अस्थिरता बढेकोमा चिन्ता व्यक्त गर्न थालेका छन् । करिब १४ महिनाको अवधिमा बागमती प्रदेश सरकारका वर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तीन पटक प्रदेशसभाबाट विश्वासको मत लिनु परेको छ । सत्ता गठनबन्धनमा भएको फेरबदलसँगै प्रदेशका मुख्यमन्त्रीले पटक-पटक विश्वासको मत लिनुपर्ने अवस्था आएको हो ।


सोमबार बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभाबाट विश्वासको मत लिनुअघि प्रदेशसभा बैठकमा नेपाली कांग्रेस बामगती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकारले प्रदेशमा राजनीतिक अस्थिरता बढ्दै गएको बताएका छन् । केन्द्रमा भएको राजनीतिक परिवर्तनको प्रभाव प्रदेशमा परेर एउटै मुख्यमन्त्रीले तीन पटकसम्म विश्वासको मत लिने अवस्था आउनु लज्जास्पद भएको उनको भनाइ छ । संविधानको परिकल्पना र वास्तविकता फरक भइरहेको चित्रकारले बताएका छन् । राजनीतिक अस्थिरताले जनचाहना पूरा गर्न नसक्दा जनता निराश भएकोमा चिन्ता व्यक्त गरिएको छ । प्रदेशसभा बैठकमा राप्रपा बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले १४ महिनामा ३ पटक विश्वासको मत लिएको सरकारले ५ वर्षमा कति पटक विश्वासको मत लिनुपर्ने हो भन्ने प्रश्न गरेका थिए ।

मुलुकको राजनीतिक दल र तिनका नेतृत्वले गर्ने निर्णय र सहमति निकै फितलो बनिरहेको छ । आजको निर्णय आजसम्म मात्रै टिकाउन पनि दलका नेताहरुलाई धौ-धौ परेको छ । राजनीतिक दलबीच सत्ता प्राप्तिका लागि गठबन्धन र सहमतिको गोलचक्करमै समय बितिरहेको छ । हिजो सरकारको विपक्षमा रहेर चर्को आलोचना गर्नेहरु आजै त्यही सरकारसँग मिलेर सत्तारोहण गर्नुले राजनीतिक दल र नेतृत्वको नैतिकतामा गम्भीर प्रश्न उठिरहेको छ । फरक राजनीतिक सिद्धान्त र मुद्दा बोकेका राजनीतिक दलबीच सत्तामा जानका लागि गरिएका सहमति र गठबन्धन टिकाउपूर्ण नहुने थाहा हुँदाहुँदै पनि गठबन्धन गर्नु भनेको राजनीतिक बेइमानीसमेत हो । संघ तथा प्रदेशमा धेरै सांसद संख्या भएका दुई ठूला दललाई पाखा लगाएरै सत्ताको नेतृत्व लिनुलाई राजनीतिक अस्थिरताकै उपज मान्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यवसायका असजिला पक्षहरु निराकरण होलान् । |
| वृष | : विवाद र चिन्तनमूलक काममा समय व्यतित । |
| मिथुन | : बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुने समय छ । |
| कर्कट | : आवेग नियन्त्रण नहुँदा हानी हुने समय छ । |
| सिंह | : प्रतिष्ठा प्राप्तिको समय योग रहेको देखिन्छ । |
| कन्या | : नयाँ उद्यम र परियोजनाका काममा सरिक |
| तुला | : थोरै प्रयासले काममा सफलता हुने योग छ । |
| वृश्चिक | : धन व्ययका कारण उदासिन बनिने समय छ । |
| धनु | : महत्वपूर्ण कार्यसिद्धि हुने समय योग रहेको छ । |
| मकर | : मान र प्रतिष्ठा बढ्न सक्ने समय योग छ । |
| कुम्भ | : अरुका लागि समय व्यतित हुने समय छ । |
| मीन | : दिकदारी र चिडचिडेपन बढ्ने समय योग छ । |

# अर्थतन्त्रमा सुधार देखिँदैन, के गर्दै छ सरकार ?

**प्रशासन र राजनीतिक क्षेत्रमा रहेको भ्रष्टाचार नियन्त्रण र सरकारी निकायको ढिलासुस्ती, निष्क्रियता र समयमा जिम्मेवारी सम्पादन नगर्ने प्रवृत्ति बढ्दो छ । यसमा सुधार ल्याउनका लागि सरकारले प्रोत्साहन, पुरस्कार र दण्डको नीतिगत व्यवस्था गर्न आवश्यक छ ।**

**देशमा सुशासन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नका लागि राजनीतिक अनुशासन र प्रशासनिक क्षेत्रको सुधारमा ध्यान दिनुपर्ने देखिन्छ । राष्ट्रिय राजनीतिमा देखिएको अस्थिरता र सत्तासंघर्षले समग्र राज्यसंयन्त्रलाई कमजोर बनाएको छ ।**



✍केशव आचार्य



सरकारको भूमिका आर्थिक सबलीकरणले निर्धारण गर्छ । राज्य सञ्चालनका लागि राजस्वको संकलन, सरकारी खर्चको आवश्यकता र भूमिका महत्वपूर्ण हुन्छ । सरकारले राज्यमा विभिन्न विकासलगायतका कल्याणकारी कार्यहरू गरिरहनुपर्छ, जसका लागि सरकार ऋण लिन बाध्य हुन्छ ।

आन्तरिक र बाह्य गरी सरकारले ऋण संकलन गरी विकास तथा कल्याणकारी कार्यमा खर्चिरहेको हुन्छ । लिएको ऋण उत्पादनमूलक क्षेत्रमा प्रयोग नगरिँदा मुलुक ऋणको दलदलमा फस्ने सम्भावना बढ्दै जान्छ । यस अवस्थाले सरकारको सतर्क, सक्षम र चनाखोपनलाई नियालिरहेको हुन्छ । राजस्व सरकारको आम्दानी हो, यसकै आधारमा आर्थिक गतिविधि र विकास निर्देशित हुन्छ ।

सरकारले अवलम्बन गरेको वार्षिक लक्ष्यअनुरूप राजस्व संकलन हुन सक्दा अर्थतन्त्र आफ्नो लयमा चल्न सक्छ र खर्चलाई निर्दिष्ट गतिमा परिचालन गर्न सक्छ । आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्ममा राजस्व ६ खर्ब ३९ अर्ब संकलन भएको छ । यस आर्थिक वर्षमा १४ खर्ब २२ अर्ब उठाउने लक्ष्य रहेको भए पनि अबको चार महिनामा ८ खर्ब उठ्ने कुनै सम्भावना देखिँदैन । यसैगरी आर्थिक वर्ष २०८०/८१ को बजेटमा पुँजीगत खर्च ३ खर्ब २ अर्ब छुट्ट्याइएको छ । अघिल्लो आर्थिक वर्षमा कुल बजेटको २१ बाट घटाएर १७ प्रतिशतमा सीमित गरिए पनि पुँजीगत खर्चको नतिजा आकर्षक छैन । यसै आर्थिक वर्षको फागुनसम्मको तथ्यांक हेर्दा पुँजीगत खर्च केवल ७१ अर्ब २९ करोड छ ।

यसै आर्थिक वर्षको चालु खर्च यसै अवधिसम्म ५ खर्ब ४९ अर्ब ९६ लाख भइसकेको छ, जुन लक्ष्यको ४८.०८ प्रतिशत हो । वित्तीय व्यवस्थापनतर्फ १ खर्ब २४ अर्ब ८१ करोड रहेको छ, जुन लक्ष्यको ४०.६ प्रतिशत हो । पुँजीगत खर्च गत आर्थिक वर्षको २०७९/८० मा ३ खर्ब ८० अर्ब (बजेटको २१ प्रतिशत) थियो र खर्च २ खर्ब ३२ अर्ब भएको थियो । निरन्तर घटिरहेको पुँजीगत खर्च र त्यसमाथि लक्ष्यभन्दा धेरै कम खर्च हुनुले अर्थतन्त्रको गिर्दो अवस्था देखाउँछ ।

चालु आर्थिक वर्ष २०८० माघ मसान्तसम्ममा सेवा आय ३७ अर्ब २६ करोडले घाटामा छ । भ्रमण आय ४५ अर्ब ४० करोड छ भने व्यय १ खर्ब ४ अर्ब ७५ करोड रहेको छ, जसमध्ये शिक्षातर्फ ६६ अर्ब ६४ करोड बाहिरिएको छ । यसले युवासँगसँगै धन पलायन बढिरहेको देखाउँछ । यसैगरी यस अवधिमा ट्रेजरी घाटा १ खर्ब ५८ अर्ब रहेको छ । रेमिटेन्सको अवस्था हेर्दा यसै चालु आर्थिक वर्षको माघ मसान्तसम्म ८ खर्ब ३९ करोड रेमिटेन्स प्राप्त भएको छ । जसलाई आयको हिसाबले सकारात्मक मान्न सकिन्छ ।

आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक अनुदानको लक्ष्य ५० अर्ब रहेकोमा २०८० फागुनको तेस्रो हप्तासम्म केवल २७ करोड ५० लाख प्राप्त भएको छ । बाह्य ऋण २ खर्ब १३ अर्ब प्राप्त हुन्छ भनिएकोमा ५२ अर्ब १३ करोड मात्र प्राप्त भएको छ । आन्तरिक ऋण २ खर्ब ४० अर्ब लिने भनिएकोमा १ खर्ब ६१ करोड लिइसकिएको छ । हालसम्म आन्तरिक र बाह्य ऋण क्रमश: ११ खर्ब ८५ अर्ब र १२ खर्ब २ अर्ब गरी कुल ऋण २३ खर्ब ८७ अर्ब पुगेको छ । यस अवधिसम्ममा आन्तरिक ऋणको साँवा र ब्याज क्रमश: ९१ अर्ब र ३९ अर्ब भुक्तान भएको छ भने बाह्य ऋणको साँवा र ब्याज क्रमश: २० अर्ब १३ करोड र ५ अर्ब भुक्तान भएको छ ।

सरकारले प्राप्त गर्ने वैदेशिक अनुदान उच्च तवरले घट्दो, वैदेशिक ऋण प्राप्ति र उपयोग क्षमता खस्कँदो र आन्तरिक ऋण तीव्र रूपले बढिरहेको छ । राजस्व असुलीको कमजोर अवस्थाका कारण आन्तरिक ऋण लिएर चालु खर्च र ऋण भुक्तानी गर्नुपरेको अवस्था देखिएको छ, जसले सरकार ऋणको दलदलमा फसिरहेको संकेत गर्छ । त्यसैगरी व्यापारको स्थितिलाई नियाल्ने हो भने पनि अवस्था जर्जर नै देखिन्छ । नेपालजस्तो आयात र भन्सार बिन्दुमा संकलन हुने राजस्वमा निर्भर रहँदै आएको मुलुकमा आयात संकुचनले पनि अर्थतन्त्रमा नकारात्मक प्रभाव देखा पर्ने गर्छ । आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्मको तथ्यांक हेर्दा नेपालको आयात तथा निर्यात दुवै घटेको देखिन्छ ।

खाद्यान्न र फलफूल आयातको अवस्थालाई मध्यनजर गर्दा यसै फागुन तेस्रो सातसम्मको भन्सार विभागको तथ्यांकलाई हेर्दा देशमा २१ अर्बको धान, ७ अर्बको मकै, स्याउ ७ अर्ब २० करोड, अंगुर ५४ करोड, नासपाती २१ करोड, खरबुजा १३ करोड ३० लाख, मेवा १२ करोड ४५ लाखको आयात भएको छ । यसले देशको कृषि उत्पादनको अवस्थालाई नजिकबाट नियालिरहेको छ, तैपनि सरकारले यसमा ध्यान दिएको पाइँदैन । कृषिमा प्रशस्त समस्या छन् तर समस्या समाधानको प्रयास भइरहेको छैन । कृषकले समयमा मल पाउन सकेका छैनन् भने सरकारले पनि यसमा तत्परता देखाएको पाइँदैन ।

नेपाल राष्ट्र बैंकले १३ प्रतिशत ऋणको हिस्सा कृषि कर्जामा गएको बताए पनि कृषि उत्पादन बढ्न सकेको देखिँदैन । बैंकहरूले आगामी वर्षहरूमा आफ्नो कर्जाको १५ प्रतिशत कृषिमा लगानी गर्नुपर्ने प्रावधान राखेका छन् तर कृषिको अवस्था हेर्दा ऋणको प्रयोग अन्यत्रै भइरहेको त छैन भन्ने आशंका बढाएको छ । आर्थिक वर्ष २०८०/८१ को माघ मसान्तसम्ममा विदेशी मुद्राको सञ्चिति १८ खर्ब ४५ अर्ब पुगेको छ । विदेशी मुद्राको सञ्चिति राम्रो देखिए पनि यसको उपयोग हुन सकेको देखिँदैन । आयात घट्नु, निजी क्षेत्रको विश्वास कमजोर बन्नु, सरकारी पुँजीगत खर्च घट्नु र आन्तरिक अर्थतन्त्र कमजोर हुँदै जानुले विदेशी मुद्राको मागमा कमी आएको हो भन्ने बुझिन्छ । सरकारले यस विषयमा अध्ययन-अनुसन्धान गरी खर्च र लगानी वृद्धिको नीति अवलम्बन गर्नु जरुरी देखिन्छ ।

हालसम्म बैंक तथा वित्तीय क्षेत्रको कुल निक्षेप ६१ खर्ब ६० अर्ब र कुल ऋण ५० खर्ब ८७ अर्ब पुगेको छ । निजी क्षेत्रबाट लगानीका लागि ऋणको मागमा भएको कमीका कारण बैंकहरू अधिक तरलता समस्या खेप्ने अवस्थामा छन् । सरकार पनि बढ्दो आन्तरिक ऋणका कारण स्वयं बैंकको रकम प्रयोगकर्ता बन्न पुगेको छ । निक्षेपकर्ताको विश्वासमा आएको कमीका कारण अधिक मात्रामा बैंकबाट रकम निकाल्ने अवस्था देखा पर्न थालेको छ । बैंकको खराब कर्जा ३.७३ प्रतिशत भनिए पनि लगभग ७ प्रतिशतको हाराहारीमा रहेको र यसले खराब कर्जाको जोखिम बढाइरहेको देखाउँछ ।

मुलुकभरि रहेका ५७ वटा लघुवित्त कम्पनीले १ खर्ब ७० करोड निक्षेप संकलन गरी ४ खर्ब ४० करोड ऋण प्रवाह गरेका छन् । आममानिसले विभिन्न बैंकबाट २ खर्ब २३ अर्ब सापटी लिएको अवस्था छ । हाल लघुवित्तमा ६० लाख ३ हजार सदस्य र २७ लाख ३५ हजार ७ सय ४५ ऋणी रहेको तथ्यांकले देखाउँछ । लघुवित्तका ऋणीहरू उच्च ब्याज र ऋणको चपेटामा परेको भन्दै सडक संघर्षमा लागेका छन् । देशभरमा ३१ हजार ३ सय ७३ सहकारी संस्था रहेका छन्, जसमा ४ खर्ब ७८ अर्ब निक्षेप छ भने ४ खर्ब २६ अर्ब ऋण छ ।

### के गर्दै छ सरकार ?

वर्तमान सरकार वास्तवमा गन्तव्यहीन बाटोमा हिँडिरहेको उसको कामको गतिविधिले प्रस्ट्याउँदै लगेको छ । पर्याप्त स्रोतको कमजोर व्यवस्थापन, समयमा आयोजना सम्पन्न गर्ने निश्चितता नभएको, आयोजनाले दिनुपर्ने लाभ र प्रतिफल तथा समय परिस्थितिमा आइरहेको परिवर्तनको अध्ययन नै नगरी हचुवाको भरमा अनगिन्ती योजना सुरु गरेको छ ।

निश्चित योजना र कार्यक्रमबिना सुरु गरिएका आयोजनाहरू कतिपय घिसिँदै, कतिपय अलपत्र अवस्थामा पुगेका छन् । पुराना आयोजना नसकिँदै नयाँ-नयाँ आयोजना सुरु गर्ने काम गरिरहेको छ । बजेट र योजना निर्माण गर्दा ती आयोजनाबाट प्राप्त हुने प्रतिफलको हिसाब नगरी राजनीतिक वा प्रशासनिक पहुँचका आधारमा हुने गरेको छ । देशभर ५३ वटा विमानस्थल छन्, जसमध्ये ३३ वटा मात्र सञ्चालनमा छन् ।

हवाई यातायातलाई सडक यातायातसँग समन्वय गरी आवश्यकताका आधारमा सुविधा पुर्‍याउने भन्दा पनि राजनीतिक बलमिच्याइँका कारण निर्माण गरिए । अहिले धेरै ठाउँका विमानस्थल सडक यातायातले विस्थापन गरिदिए र विमानस्थल बन्द हुन पुगे । यसैगरी अहिले टोलटोलमा विद्यालय भवन बनेका छन् तर विद्यार्थी अभावमा विद्यालय बन्द वा गाभिने अवस्थामा पुगेका छन् । हरेक सरकार, मन्त्री, संसद्का सदस्य र यसैगरी प्रदेश र स्थानीय तहले योजना बढाउँदै बजेट छर्दै लगेका छन् । यसरी राजनीतिक पहुँचवालाले मात्र बजेटको डाडु पन्यू समात्ने हो भने त सबै योजनालाई सम्पन्न गर्न स्रोत पुर्‍याउन सकिँदैन ।

विकासका आयोजनालाई प्राथमिकीकरण गर्नु आवश्यक हुँदाहुँदै पनि सरकार त्यसमा चुकेको देखिन्छ । नेपालको विकासका निम्ति साधनस्रोतको उपयोगबारेमा नयाँ सोच र दृष्टिकोण आवश्यक छ, जसले अहिलेको अवस्थालाई परिवर्तन गर्न सकोस् । सरकारले निर्माण व्यवसायीहरूको समस्यालाई बेवास्ता गर्दै आइरहेको छ । रकम अभाव भएको भन्दै उनीहरूले काम सम्पन्न गरिसक्दा पनि लगभग ५० अर्ब रकम भुक्तान नगरेको गुनासो व्यवसायीहरूले गरिरहेका छन् । उनीहरू त्यसको भुक्तान नभएसम्म निर्माण कार्य नगर्ने बताइरहेका छन् भने यता ठेक्का लागेका थुप्रै आयोजनाको काम ठप्प भएको छ ।

सरकारबीचमै पनि समन्वयको अभाव छ र कतिपय स्थानीय तहले संघ र प्रदेशसँग समन्वयभन्दा विरोध र असहयोग गरेको भन्ने सुनिन्छ । देशबाट युवा पलायनको अवस्था कहालीलाग्दो छ र यसलाई रोक्न ठूलो प्रयास र सुधारको खाँचो छ, जुन सरकारी तवरबाट मात्र सम्भव छ । त्यसैगरी शिक्षा क्षेत्रमा वार्षिक झन्डै ६ खर्ब खर्च भए पनि त्यसको उपलब्धि न्यून रहेको छ । प्रशासन र राजनीतिक क्षेत्रमा रहेको भ्रष्टाचार नियन्त्रण र सरकारी निकायको ढिलासुस्ती, निष्क्रियता र समयमा जिम्मेवारी सम्पादन नगर्ने प्रवृत्ति बढ्दो छ । यसमा सुधार ल्याउनका लागि सरकारले प्रोत्साहन, पुरस्कार र दण्डको नीतिगत व्यवस्था गर्न आवश्यक छ ।

देशमा सुशासन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नका लागि राजनीतिक अनुशासन र प्रशासनिक क्षेत्रको सुधारमा ध्यान दिनुपर्ने देखिन्छ । राष्ट्रिय राजनीतिमा देखिएको अस्थिरता र सत्तासंघर्षले समग्र राज्यसंयन्त्रलाई कमजोर बनाएको छ । यसले जनतामा निराशा, अराजकता र राजनीतिप्रतिको नकारात्मक सोच बढाइरहेको छ । वर्तमानमा देखा परेका समस्या तथा आवश्यकताहरूलाई मध्यनजर गर्दै सरकारले नीति तथा कार्यक्रम र बजेट निर्माण गर्न सके आर्थिक विकासले फड्को मार्न सक्ने देखिन्छ ।

*(स्रोत: कारोबारदैनिक)*

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# आमा



मनले पनि मनलाई सोध्छ, किन यस्तो सोच्छौ ?
हरेक समय उसको यादमा किन यस्तो सोच्छौ ?
लात देखाएर घर निकाला गर्ने त्यो छोरालाई
दिन्छु अब बाँकी कानका मुन्द्रा किन यस्तो सोच्छौ ?

आँसुले प्यास मेट्दै वृद्धाश्रममा छिन् आमा ।
सारिदिन्छु लालपुर्जामा नाम किन यस्तो सोच्छौ ।

उनी भगवानको कृपाले जेनतेन बाँचिरहेकी छिन् ।
मलाई लाग्ने आशीर्वाद उसलाई लागोस् किन यस्तो सोच्छौ ?

मेरो जीवन यसै बित्दै मृत्युको मुखमा छ ।
हेलाहा गर्‍यौ तिमीलाई नगरोस् सन्ततीले किन यस्तो सोच्छौ ?

**सन्ध्या देवकोटा**


*बीबीएम (चौथो सेमेस्टर), मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा-२*





**सृष्टी श्रेष्ठ**
**एलकेजी, लिटिल बड्डी प्रि-स्कुल हेटौंडा-४**

# म को हुँ



**लिजा विष्ट**


घाम लाग्दा पर्ने
शितलु छायाँ हुँ म
वर्षा हुँदा
माटोको चिरा गलाउने
पानीको थोपा हुँ म
चट्याङ पर्दा
चम्किने बिजुली हुँ म
हावा चल्दा
समुद्रमा आउने विशाल
छाल हुँ म

कैयौं आए कैयौं गए
कोही आएनन्
मलाई चिन्ने
सायद बुझ्न
कठिन रहेछ मलाई
गाह्रो रहेछ
बुझ्नलाई कोमल हृदय

तिर्खा लाग्दा
प्यास मेटाउने
पानीको अमूल्य थोपा हुँ म
भोक लाग्दा
पेट भर्ने ऊर्जाशक्तिको
प्रतीक हुँ म ।

*कक्षा-८, नवोदय शिशु सदन, हेटौँडा-४*

# भाइबहिनीका किताब



**एक किशोरीको डायरी**
**लेखक: एन फ्ग्र्याङ्क**
**मूल्य: रू. ४७०/- (नेपाली), रू ४८०/- (अंग्रेजी)**
**उमेर समूह: १२ देखि १८ वर्ष**

दैनिकी लेखन आफैंमा असल बानी हो । कुनै-कुनै दैनिकी त यति गहन भैदिन्छन् कि संसारभरिका मानिसहरुको चासो त्यसमा रहन्छ । 'एक किशोरीको डायरी (द डायरी अफ अ योङ्ग गर्ल) यस्तै एउटा रुचाइएको दैनिकी हो ।

यो पुस्तक विशेषगरी किशोर-किशोरीहरुका लागि उपयुक्त छ । यो पढ्दा उनीहरुले अवश्य पनि पाना-पानामा आफूलाई भेट्ने छन् । पुस्तकमार्फत उनीहरुले आफ्नै अनुभव, उतारचढाव, मनोभावना, अभिभावकसँगको वैचारिक र मनोवैज्ञानिक द्वन्द्वसँत साक्षात्कार गर्नेछन् ।

एनको डायरी सन् १९४२ को जुन १४ मा सुरु भएर १९४४ अगस्त १ मा समाप्त हुन्छ । दोस्रो विश्वयुद्धका समयमा दुई वर्षसम्म नाजीहरुसँग लुकेर गोप्य भवनमा लुकेर रहेको यहुदी परिवारकी छोरी एनले त्यहाँ रहँदा लेखेको डायरी हो यो । यसमा एनले गुप्तवासमा रहँदा जे जति कष्ट भोग्नु पर्‍यो ती सबै लेखेकी छिन् । एनको डायरी सन् १९४७ जुन २५ मा पहिलोपटक डच भाषामा प्रकाशित भएको थियो । त्यसयता यो पुस्तक ६० भन्दा बढी भाषामा अनुवाद भएर छापिएको छ भने बाइबलपछि सबैभन्दा बढी बिक्रि हुने गैरआख्यान किताबको रुपमा यस किताबलाई लिइन्छ ।

भर्खरै विद्यालय तहको वार्षिक परीक्षा सकेर बस्नुभएका ६ कक्षादेखि माथिका भाइबहिनीहरु र अभिभावकहरुका लागि समेत प्रेरणादायक पुस्तक हो 'एक किशोरीको डायरी' ।

# मोबाइल



यो सानो मोबाइलमा संसार अटेको छ
यही मोबाइलको कारणले धेरै दुर्घटना भएको छ ।

मोबाइलसँग फेसबुक, युट्युब, मेसेन्जर जोडिएको
हामीले जे खोज्यो त्यो मोबाइलमा भेटिएको ।

मोबाइल किन्न जानुपर्छ नजिकैको बजार
मोबाइल किन्न खर्च लाग्छ हजारौं हजार ।

राम्रा मात्र होइन, नराम्रा कुरा पनि मोबाइलमा पाइन्छ
ज्ञानवर्द्धक कुराहरुका लागि यही मोवाइल चाहिन्छ ।

मोबाइलको कारणले हुन्छ पारपाचुके र बिहे
गलत प्रयोग नगरौं है यही सन्देश लिए ।

**इलिना सापकोटा**

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौँडा-२*

# भ्रष्टाचारी सरकार सँग के अपेक्षा गर्ने ?



**दिपा न्यौपाने**

अब त सरकार सँग के आधार छ र अपेक्ष गर्ने ।
काम मात्रै गर्छन जतातत्तै भ्रष्टाचारको बिउ छर्ने ।
स्कुल, कलेज मठमन्दिरमा समेत भ्रष्टाचार बढ्न थालेको छ ।
जिब्रले ज्ञान र रोगीले उपचार नपाएर मर्न थालेको छ ।

जब चुनाब आउँछ,
यो पालीको मत मलाई है हजुर भन्ने ।
मानेनन् भन्ने जनता फकाउन २, ४ हजार गन्ने ।
अशिक्षीत र गरिब जनता पैसा पाएपछि नाई पनि नभन्ने ।
यो देश जनताले नै बनाए नेतालाई भ्रष्टाचार गर्ने ।

हरेक कुराले समृद्ध भएको मेरो देश नेपाल ।
तिमी जस्तो भ्रष्टाचारीले बनाएका छौ बेहाल ।
खै के जानेउ र तिमीले भ्रष्टाचार गर्न देखि बाहेक ।
छैनौ तिमी मेरो देशको सरकार बन्ने लायक ।

आफ्नो सिप र क्षमताले काम गर्न पनि घुसै दिनुपर्ने ।
पशस्त ज्ञान हुँदाहुदै पनि भ्रष्टाचारको कारण पछिपर्नुपर्ने ।
काम खोज्न जाँदा योग्यता भन्दा अघि पार्टिको कुरा आउँछ ।
पैसा र पहुँच भएपछि कानुन विपरित काम हुने ।

पुरा गर्ने भन्दा धेरै आश देखाउने छन् यहाँ ।
बलत्कारी र हत्यारालाई कानुनै छैन यहाँ ।
साधारण जनताको काम गर्ने समय त छैन यहाँ ।
मत्र स्वर्गीय भुमीलाई नर्क बनाइदिने सरकार छन् यहाँ ।

विकास पनि कसरी गरुन अशिक्षित वृद्धहरुले ।
वृद्धभत्ता खाएर घरमा बस्ने उमेरम बनेका नेताहरुले ।
आफ्नै शरीर त थाम्न नसक्नेले देशलाई कसरी थामुन ।
आफ्नै हेरचाहा गर्न नसक्नेले जनताको कसरी गरुन ।

छोडिदेउ अब पालो देउ शिक्षित युवालाई ।
गर्छन युवाले विकासतिर ढकेल्छन देशलाई ।
लथालिङ्ग पारेको छ भ्रष्टाचारले देशलाई ।
देउ अब युवालाई जनताको मुहारमा खुसी छर्न ।

*कक्षा-९, सिद्धार्थ माध्यमिक विद्यालय हेटौँडा-२*

## द सहारा लोन सेविंग्स को-ऑपरेटिभ सोसाईटी लि.सेवा केन्द्र हेटौडा, मकवानपुर

### ऋणीहरुको नामको ३५ (पैंतीस) दिने म्याद पूर्जी

*प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/२० गते*

तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले यस संस्थाबाट निम्न उद्देश्यको लागि लिनु भएको ऋणको भाखा नाघि सकेको हुँदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋण र समय समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम १ को खण्ड (क) बमोजिम यो ३५ (पैतिस) दिने म्याद पुर्जी जारी गरिएको छ । उक्त म्याद पुर्जी पाएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको ब्याज हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम विक्री गरि ऋण रकम, ब्याज हर्जाना र लिलाम विक्री गर्दा लागेको सम्पूर्ण खर्च समेत तपाई बाट असुल उपर गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपसिल**

| सि.न. | ऋणी संख्या | ऋणीको नाम थर | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | ऋणको उद्देश्य | २०८०/१२/१९ गतेसम्म | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बाँकी साँवा | ब्याज हर्जाना |
| १ | ०१२४१०००००२४ | प्रेम नाथ महतो | बुद्धन महतो कोईरी | लोचन कोईरी | जि. धनुषा नक्टाझील- ६, हाल जि. मकवानपुर, हेटौडा न.पा. वाड नं.१० | व्यक्तिगत | १,०००,०००।०० | ६३४,३५६।८२ |
| २ | ०१२४१००००६१ | कान्छी लामनी | मान वहादुर लामा | छवाङ लामा | जि. मकवानपुर पदमपोखरी-४, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १२ | व्यक्तिगत | ४९५,०००।०० | १८७,०८६।२१ |
| ३ | ०१२४१००००६९ | सुरेश रुम्बाकृष्ण | बहादुर रुम्बा | सिंह विर | जि.मकवानपुर चुरियामाई-७, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | १,०००,०००।०० | ३९८,६२६।१९ |
| ४ | ०१२४१००००७४ | सुमित्रा अधिकारी | सन्तोष प्रसाद खतिवडा | हरि प्रसाद शर्मा खतिवडा | जि. मकवानपुर,बसामाडी-५ हाल हेटौडा उ.मा.न.पा. वाड नं. ३ | व्यक्तिगत | ९७९,५२६।०० | ५६८,६७९।६२ |
| ५. | ०१२४१००००८३ | सम्बू लाल थिङ तामाङ | मान बहादुर थिङ | दुध बहादुर तामाङ | जि.मकवानपुर चुरियामाई-२, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १४ | व्यक्तिगत | ७७४,६९२।०० | ३०४,७८०।०४ |
| ६. | ०१२४१०००१०३ | भिमसेन आले मगर | कृष्ण बहादुर आलेमगर | भुपाल आले मगर | जि.मकवापुर, हेटौडा उ.म न.पा.वाडनं. ९ | व्यक्तिगत | ६४९,३५८।०० | १६०,३२८।१८ |
| ७. | ०१२४१०००१०९ | सिंह वहादुर रुम्बा | सुर्य बहादुर रुम्बा | काजीमान रुम्बा | जि.मकवानपुर चुरियामाई-८, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | १,०००,०००।०० | २७२,७३९।९९ |
| ८. | ०१२४१०००११४ | प्रेम वहादुर थिंङ | जित बहादुर थिङ | दोर्जे बहादुर | जि. मकवानपुर पदमपोखरी-३, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १३ | व्यक्तिगत | ९८७,३३६।०० | ४५४,५७४।०० |
| ९. | ०१२४१०००११५ | सर्मिला मोक्तान | सुनिल मोक्तान | कृष्ण मोक्तान | जि.मकवानपुर चुरियामाई-८, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | ९२८,७६३।०० | ३५१,६२६।३५ |
| १०. | ०१२४१०००१२४ | ओम प्रसाद श्रेष्ठ | सन्त लाल | विष्णुमान | जि.मकवानपुर पदमपोखरी-५, हाल हेटौडा उ.म.न.पा.वाड नं. १२ | व्यक्तिगत | ९७७,८९०।०० | २८७,३४०।९० |
| ११. | ०१२४१०००१३० | मान वहादुर स्याङतान | अकल बहादुर स्याङतान | श्रीमान स्याङतान | जि.मकवानपुर चुरियामाई-८, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | ९९६,९७८।०० | ३६६,६६३।१८ |
| १२. | ०१२४१०००१३७ | सोम माया तमाङ | धन बहादुर तामाङ | आईते तामाङ | जि.मकवानपुर चुरियामाई-७, हाल हेटौडा उ.मा.न.पा. वाड नं. १५ | व्यक्तिगत | ८८९,०००।०० | १५५,३१३।९० |

नोटः- १) साँवा तिर्न नसक्ने ऋणीहरुले व्याज तथा हर्जाना बुझाई ऋण नवीकरण गराउनु हुन जानकारी गराईन्छ ।
२) ऋणको धितो बापत जग्गा धितोमा दिने मन्जुरनामावालाहरुले समय भित्र ऋण चुक्ता गर्न लगाउने व्यवस्था गर्नु होला अन्यथा धितो लिलाम हुने व्यहोरा जानकारी गराईन्छ ।
३) राखेको धितोबाट संस्थाको सम्पूर्ण बाँकी रकम अशुल उपर नभएमा अन्य जायजेथाबाट समेत रकम अशुल उपर गरिने छ ।

**द सहारा लोन सेविंग्स को-आपरेटिभ सोसाईटी लिमिटेड**

**सेवा केन्द्र हेटौडा, मकवानपुर**
**फोन नं. ०५७-५२६७५५**

## नेपाल स्काउटका आयुक्तले लिए शपथ

# नगरप्रमुखको बेवास्तापछि प्रदेश आयुक्तले गराए शपथ

समाज संवाददाता

हेटौँडाः नेपाल स्काउटको बागमती प्रदेशका नवनियुक्त आयुक्तहरुले शपथ ग्रहण गरेका छन्। मंगलबार बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको सभाहलमा सामाजिक विकास मन्त्री कुमारी मोक्तानको सभाध्यक्षता तथा नेपाल स्काउट राष्ट्रिय आयुक्त महेन्द्रराज रञ्जीतको प्रमुख आतिथ्यमा पद तथा गोपनीयताको शपथ ग्रहण भएको हो।

कार्यक्रममा पहिलो चरणमा राष्ट्रिय आयुक्त महेन्द्रराज रञ्जीतले सामाजिक विकास मन्त्री कुमारी मोक्तानलाई बागमती प्रदेश स्काउट अध्यक्षको पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो। शपथ ग्रहण पश्चात मन्त्री मोक्तानले प्रदेशका नवनिर्वाचित सदस्यलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो। यस्तै मंगलबारै हेटौँडा उपमहानगरपालिकाका निर्वाचित स्थानीय परिषद्का सदस्यहरुको शपथ ग्रहण भएको छ। स्थानीय परिषद्का सदस्यहरुलाई बागमती प्रदेशका आयुक्त शिवकुमार त्वायनाले शपथ ग्रहण गराउनु भयो। स्थानीय परिषद्का सदस्यलाई नगर प्रमुखले शपथ गराउनु पर्ने प्रावधान भए तापनि हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले शपथ गराउनुभएन। नगरप्रमुखले शपथ ग्रहण गराउनु विपरित स्काउटमा विवाद भएको भन्दै विवाद मिलाउने नाममा निर्वाचित स्काउटका पदाधिकारीलाई बेवास्ता गर्नुभएपछि स्काउटको विधानअनुसार प्रदेश आयुक्तले पालिकाका आयुक्त तथा सदस्यलाई सपथ गराउनुभएको हो।

कार्यक्रममा सामाजिक विकास मन्त्री मोक्तानले बागमती प्रदेशमा स्काउटको आफ्नै भवन बनाउन प्रदेशले सहयोग गर्ने बताउनुभएको छ। स्काउट हरेक विद्यालयको विद्यार्थीसम्म पुग्ने भएकाले मन्त्रालयले सहयोग गर्ने विश्वास दिलाउनुभयो। कार्यक्रममा केन्द्रीय आयुक्त रञ्जीतले १२ वर्षपछि प्रदेशमा आधिकारिक नेतृत्व पाएको बताउनुभयो। स्काउटले स्वयम्सेवकको भूमिकामा काम गर्दै आएको बताउँदै सन् २०३२ सम्ममा ७ लाख स्काउट सदस्य पुऱ्याउने लक्ष्य रहेको बताउनुभयो। स्काउटले मानिसहरुमा आत्मानुशासित बनाउनेमा जोड दिनुभयो। स्काउटले आगामी दिनमा प्रदेशमा मुख्यमन्त्रीसँग बालबालिका कार्यक्रम, स्काउट आधारभुत तालिम, विपद् व्यवस्थापन तालिम तथा परिचालन स्काउट स्वयम्सेवक परिचालन, विद्यालय केन्द्रीत स्काउट अभिमुखीकरण तालिम, सम्पदा संरक्षणमा युवा स्काउट कार्यक्रम, सामुदायिक विद्यालयहरुमा स्काउट शिक्षा संचालन खर्च, विपन्न स्काउट विद्यार्थीलाई स्काउट पोशाक वितरण लगायतका विभिन्न कार्ययोजना रहेको प्रदेश स्काउटले जनाएको छ।

शपथग्रहण कार्यक्रममा मध्यपृतना हेटौंडाका प्रमुख सेनानी रञ्जन कुमार कार्की, बागमती प्रदेश कार्यालय हेटौंडाका प्रहरी उपरीक्षक दुर्गाराज रेग्मी, नेपाल स्काउटको राष्ट्रिय परिषद् सदस्य अशोक सारु मगरको आतिथ्य रहेको थियो।

## प्रदेशको नाम खारेजी गर्न प्रदर्शन हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा बुधबार बागमती प्रदेशको नाम खारेजीको माग गर्दै जनप्रदर्शन हुने भएको छ। मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै राष्ट्रिय मुक्ति क्रान्ति अभियानले कार्यक्रमबारे जानकारी गराएको हो।

अभियानका संयोजक बुद्ध छिरिङ मोक्तानले बागमती प्रदेशको नाम परिवर्तन गर्नुपर्ने बताउनुभयो। उहाँले प्रदेशको नाम पहिचानको आधारमा ताम्सालिङ हुनुपर्ने बताउनुभयो। दिउँसो २ बजे बुद्धचोकमा हुने जनप्रदर्शनमा ५ हजारभन्दा बढी सहभागी हुने उहाँले बताउनुभयो। यसअघि पनि प्रदेशको नाम ताम्सालिङ राख्ने भन्दै विभिन्न दलका नेताहरुले आश्वासन दिए पनि हुन नसकेपछि अहिले आफूहरु मोर्चा बनाएरै अभियानमा लागेको उहाँको भनाइ छ। उहाँले मोर्चाले देशभरी नै संवादात्मक कार्यक्रमहरु सुरु गरेको पनि बताउनुभयो।

## प्रेस युनियनले भन्यो

# सदस्यता टुङ्गो लगाएर मात्रै अधिवेशन

समाज संवाददाता

हेटौंडाः प्रेस युनियन मकवानपुरले नेपाल पत्रकार महासंघ मकवानपुरको यही चैत २५ गते हुने अधिवेशन रोक्न माग गरेको छ। मंगलबार युनियन मकवानपुरका अध्यक्ष सुवास विडारीले महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमलाई ज्ञापनपत्र बुझाउनुहुँदै उक्त अधिवेशन रोक्न माग गरेको हो।

महासंघ मकवानपुरले सदस्यता शुद्धीकरण तथा नयाँ सदस्यता थप गर्ने सन्दर्भमा क्रियाशील सञ्चारकर्मीहरुलाई नै सदस्यताबाट बञ्चित हुने गरी सिफारिस गरी पठाएको भन्दै युनियनले आपत्तीसमेत जनाएको छ। 'नेपाली श्रमजीवी पत्रकारहरूको साझा संस्था नेपाल पत्रकार महासंघले सुरु गरेको सदस्यता शुद्धीकरण अभियानमा युनियन मकवानपुरको पूर्ण साथ, सहयोग छ। तर, महासंघ मकवानपुरले सदस्यता शुद्धीकरण तथा नयाँ सदस्यता थप गर्ने सन्दर्भमा सञ्चारकर्ममा क्रियाशील सञ्चारकर्मीहरूलाई नै सदस्यताबाट बञ्चित हुनेगरी सिफारिस गरी पठाएकोमा हाम्रो गम्भीर आपत्ती रहँदै आएको छ।'

पत्रकार महासंघले सदस्यता टुंगो नलगाई जिल्ला, प्रदेश र केन्द्रीय अधिवेशन घोषणा गरेकोमा युनियन केन्द्रीय समितिको हालै सुनसरीमा सम्पन्न बैठकले असहमति जनाउँदै सदस्यता र मतदाता नामावलीको टुंगो लगाएर मात्र महासंघका जिल्ला, प्रदेश र केन्द्रको अधिवेशन गर्न आग्रह गर्ने निर्णय गरेको थियो। सदस्यता टुंगो नलगाई अधिवेशन गरेमा उत्पन्न हुने परिस्थितिको जवाफदेही नेपाल पत्रकार महासंघ मकवानपुर नै हुने युनियनले चेतावनीसमेत दिएको छ।

# शिक्षक फुटबलको उपाधी नवोदयलाई

समाज संवाददाता

हेटौंडाः ४ नम्बर वडास्तरीय ५ ए साइड शिक्षक फुटबलको उपाधि नवोदय शिशु सदनले जितेको छ। मंगलबार भुटनदेवी माविको खेलमैदानमा भएको फाइनल खेलमा ब्रह्मदिक एकेडेमीलाई ३-० गोलअन्तरले पराजित गर्दै नवोदय शिशु सदनले उपाधि जितेको हो।

नवोदय शिशु सदनका लागि तक्षक सिम्खडाले ह्याट्रिक गरे। उपाधि विजेता तथा उपविजेतालाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो। प्रतियोगितामा ७ वटा विद्यालयको सहभागिता रहेको थियो। वडा कार्यालयको आयोजना, वडा शैक्षिक गुणस्तर सुधार समितिको समन्वय तथा ब्रह्मदिक एकेडेमीको व्यवस्थापनमा प्रतियोगिता भएको हो। वडा शैक्षिक सुधार समितिका संयोजक श्रीराम दाहालको अध्यक्षता तथा संविधान सभा सदस्य अनन्त पौडेलको प्रमुख आतिथ्यमा समापन कार्यक्रम भएको थियो।

कार्यक्रममा वडा अध्यक्ष नवीन सिग्देल, नेपाल रेडक्रस सोसाइटी मकवानपुरका सभापति लालबहादुर थापाको पनि आतिथ्य रहेको थियो।

# सहकारी दिवसमा सहयोग

समाज संवाददाता

हेटौंडाः ६७औं राष्ट्रिय सहकारी दिवसको अवसरमा हेटौंडा-५, पिप्लेस्थित सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पिप्ले सहरी स्वास्थ्य केन्द्रलाई सहयोग गरेको छ। सहकारीले स्वास्थ्य केन्द्रको सेवाग्राही शिशुलाई लक्षित गरी २५ थान सानो ब्ल्यांकेट हस्तान्तरण गरेको छ। मंगलबार सहकारीकी अध्यक्ष जानकी चौधरीले ब्ल्यांकेट हस्तान्तरण गर्नुभएको हो।

# प्रहरीले २० वटा मोबाइल सम्बन्धित धनीलाई बुझायो

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले हराएको भनी निवेदन प्राप्त भएका २० वटा मोबाइल फेला पारी सम्बन्धित धनीलाई बुझाएको छ। मंगलबार कार्यालयमा सम्बन्धित धनीलाई उपस्थित गराएर मोबाइलहरु वितरण गरिएको हो।

प्रहरीले विभिन्न समयमा हराएको र चोरी भएको भनी जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गराएका विभिन्न ब्राण्डका २० वटा स्मार्टफोन फेला पारेको हो। मोबाइल सम्बन्धित धनीलाई बुझाउनुहुँदै कार्यालयका प्रहरी निरीक्षक विक्रम खड्का मगरले पछिल्लो समय मोबाइल चोरी र हराएका घटनाहरु बढ्न थालेको बताउनुभयो। प्रविधिको प्रयोगसँगै विभिन्न घटना बढ्नु स्वभाविक भएको उहाँको भनाई छ।

चोरीका घटना रोकथाम गर्न सबै सचेत हुनुपर्ने उहाँले बताउनुभयो। आ-आफ्नो मोबाइल फोन पाएपछि मोबाइल धनीहरुले प्रहरीलाई धन्यवाद दिएका छन्। जिल्ला प्रहरी कार्यालय मकवानपुरमा चालु आर्थिक वर्षसम्म ५ सय २४ मोबाइल हराएको र चोरी भएको भनी निवेदन परेको छ। जसमध्ये हालसम्म १ सय ४२ मोबाइल फेला पारी सम्बन्धित धनीलाई बुझाएको र बाँकीको खोजी कार्य भइरहेको प्रहरी निरीक्षक मगरले बताउनुभयो।


## शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८०/१२/२०*

यस प्रगति मावि, हेटौंडा-९, पशुपतिनगरका लागि शैक्षिक शत्र २०८१ देखि निजी श्रोत करारमा रही काम गर्ने गरी तपसिल बमोजिम योग्यता पूरा भएका १ (एक) जना कम्प्यूटर शिक्षकको आवश्यकता भएकोले इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० (दश) दिन भित्रमा रितपूर्वक निवेदन आह्वान गरिएको छ।

**तपसिल :**

**विज्ञापन नम्बर : ०१-०८०/०८१**

पद : कम्प्यूटर अध्यापक
तह : आधारभूत तह (निजी श्रोत)
शैक्षक योग्यताः कम्प्यूटर मूल विषय लि +२ उत्तीर्ण
वाञ्छनीय योग्यताः कम्प्यूटर विषयमा स्नातक गरेको
उमेरः १८ वर्ष पूरा भई ४० ननाघेको
पारिश्रमिक सुविधाः वि.व्य.स. निर्णय अनुसार
परीक्षाको किसिमः कम्प्यूटर प्रयोगात्मक र अन्तरवार्ता
परीक्षा दस्तुरः रु. ७००।-
विशेष ग्राह्यता कक्षा १० सम्म अंग्रेजी माध्यममा कम्प्यूटर विषय पढाउन र सिकाउन सक्ने, अनुभवी
दरखास्त दिने अन्तिम मिति २०८० चैत्र २९ गते दिउँसो ३:०० बजेसम्म।
सम्पर्क मिति : २०८० चैत्र २९ गते
परीक्षा समय सम्पर्क मितिमा जानकारी गराइने छ।
थप जानकारीका लागि मोबाइल नं. ९८४५०२८३७७, ९८५५०६८४१५ मा सम्पर्क गर्न सकिने छ।

**प्रगति माध्यमिक विद्यालय**
**पशुपतिनगर, हेटौंडा-९, मकवानपुर**
**०५७-४१२२२६**



## मकवानपुर होटल एसोसिएसनको

## जग्गा विक्रीसम्बन्धी सूचना

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८०/१२/२१ गते*

मकवानपुर होटल एसोसिएसनको नाममा रहेको हेटौंडा-७, न्यूरेनीस्थित ९.२५ धुर जग्गा (कित्ता नम्बर १२०५६) विक्री गर्नुपर्ने भएकोले जग्गा खरिद गर्न चाहने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र सिलबन्दी दर प्रस्ताव गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**सम्पर्कः ९८५५०-२५७०५**
**मकवानपुर होटल एसोसिएसन**



## मालपोत कार्यालय धादिङको

## छुट जग्गा दर्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

मकवानपुर जिल्ला साविक हाँडीखोला गा.वि.स वडा नं. ३ हाल हेटौडा उपमहानगरपालिका वडा नं. ५ बस्ने झंकनाथ अर्यालको छोरा लोकनाथ अर्यालले आफ्नो नाम लोकनाथ अर्पालको नाममा फिल्डबुक कायम भएको तपसिल बमोजिमको छुट जग्गा दर्ता गरी पाउँ भनी मिति २०८०।१२।१८ मा वारेस मार्फत निवेदन पेश गरेको मा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कित्ता जग्गाहरुमा जग्गाधनी अरु कोही भए वा अरु कसैको हक भोग भएमा साथै हकदार अरु कोही भएमा र सो जग्गा सरकारी, सार्वजनिक भए यो सूचना प्रकाशित भएको मितिले बाटोको मयाद बाहेक ३५ दिन भित्र उजुर गर्न आउनु होला। अन्यथा निवेदकको नाममा नियमानुसार जग्गा दर्ता गर्ने तर्फ कामकारवाही अगाडी बढाइने व्यहोरा सर्वसाधारण एवं सरोकारवालाका लागि यो सूचना प्रकाशित गरिएको छ।

| फिल्ड बुकमा जग्गा धनीको नाम, थर | फि.बु.मा जग्गा धनीका बाजे नाम, थर | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | निवेदक/ हकवालाको नाम, थर | निवेदकको ज.ध. सँगको नाता |
|---|---|---|---|---|---|---|---|
| लोकनाथ अर्याल | तोया कृष्ण/एकुनिधी | भुमेस्थान | २ज | १८ | १-७-१-० | लोकनाथ अर्याल ना.प्र.नं. ३११०२०। ५०६४८ जारी मिति २०६५।०३।०६ मकवानपुर। | आफै |
| कैफियतः फि.बु.मा जगा धनीको बाबुको नाम तोया कृष्ण उल्लेख भएको तर निवेदक लोकनाथ अर्पालको नागरिकताको प्रमाणपत्रमा बाबुको नाम झंकनाथ उल्लेख भएको। | | | | | | | |



## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

## हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः बुद्धिमाया गोले समेत दुइजना जग्गाधनीः हरी बहादुर गोले।

जिल्ला मकवानपुर साविक कुलेखानी गा.वि.स, वडा नं. २ हाल इन्द्र सरोवर गा.पा. २ बस्ने बुद्धिमाया गोले समेत दुइजनाको माग निवेदन, फिल्डबुक जग्गावालाको नामथर वतन व्यहोरा बमोजिम हरी बहादुर गोले पं. टोड्के वार्ड नं. ७, बाबुः लाल बहादुर, बाजेः जीतमान उल्लेख भएको। हरी बहादुर गोलेको मिति २०५६।०५।०९ मा मृत्यु भएको, निजको एकमात्र श्रीमति बुद्धिमाया गोले भएको, निजहरुको हकदार एकमात्र छोरा जनक बहादुर गोले भएकोले मेरो श्रीमान/बाबुको नाममा कायम रहेको फिल्डवुक अनुसार टोड्के गा.वि.स वडा नं ७ को कि.नं. ३३५ ज.रो १-३-३-१ जग्गाको पुर्जा प्राप्त नभएकाले हकदारहरु वुद्दिमाया गोले र जनक बहादुर गोले समेत दुइ जनाको नाममा छुट जग्गा दर्ता तथा चामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदारहरु बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा चिवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।



## बालमैत्री वातावरण बनाऔं

**बालबालिकालाईः**

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

**(HRL)**

**खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ